**कोरोना भाइरस सङ्‌क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख ११ गते**

सुदूरपश्चिम जनस्वास्थ्य प्रयोगशाला,डोटीका अनुसार सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानमा तयार गरिएका क्वारेन्टाइनमा ६ हजार ७ सय २८ बेड रहेका छन् । जसमा १ सय ८९ जना महिला र १ हजार ५ सय ७० जना पुरुष गरी जम्मा १ हजार ७ सय ५९ जना रहेका छन् । सुदूरपश्चिम प्रदेशका नौ ओटै जिल्लामा ८ हजार २ सय ३ जनाको आरडिटी गरिएकोमा ८ हजार १ सय ९८ जनाको आरडिटी रिपोर्ट नेगेटिभ आएको छ भने पाँच जनाको आरडिटी पोजेटिभ आएको भए पनि पाँचै जनाको पीसिआर रिपोर्ट नेगेटिभ आएको छ । सुदूरपश्चिम प्रदेशमा २ हजार ६ सय ३६ जनाको पीसिआर नमूना सङ्‌कलन गरिएकोमा २ हजार ६ सय ३१ जनाको नमूना परीक्षण सम्पन्न भएको छ । जसमा पाँच जनामा कोरोना भाइरस सङ्‌क्रमण पुष्टि भएको छ । सङ्‌क्रमितमध्येका चार जनालाई निको भएपछि सेती प्रादेशिक अस्पतालले डिस्चार्ज गरेको छ भने पाँच जनाको पीसिआर नमूना परीक्षण रिपोर्ट आउन बाँकी रहेको छ ।  सुदूरपश्चिम प्रदेशमा कोरोना उपचारका लागि ११ ओटा अस्पतालहरु छुट्याइएको छ । जसमा सेती प्रादेशिक अस्पताललाई प्रदेश सरकारले कोरोना विषेश अस्पताल घोषण गरेको छ भने कैलाली जिल्लाको टिकापुर अस्पताल, कञ्चनपुर जिल्लाको महाकाली अस्पताल, डोटी जिल्ला अस्पताल,बैतडी जिल्ला अस्पताल,बझाङ जिल्ला अस्पताल,अछाम जिल्ला अस्पताल, गोकुलेश्वर अस्पताल,बाजुरा अस्पताल र बयालपाटा अस्पताललाई कोरोना उपचारका लागि छुट्याएको छ । सुदूरपश्चिम प्रदेशका नौ ओटै जिल्लाका १४ अस्पतालमा १ सय ७३ ओटा आइसोलेसन बेडहरु रहेकोमा हाल ६ जनालाई आइसोलेसनमा राखिएको छ ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्‌क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख ११ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनसार** दशरथचन्द नगरपालिका- ४ स्थित जगन्नाथ बहुमुखि क्याम्पसमा निर्माण गरिएको एकिकृत क्वारेन्टाइन व्यवस्थित नभएको गुनासो आएपछि इन्सेक प्रतिनिधिलगायत पत्रकारहरुको सयुक्त टोलीले वैशाख १० गते र वैशाख ११ गते इन्सेक जिल्ला प्रतिनिधि सदस्य रहेको मानव अधिकार अवस्था अनुगमन टोलीले क्वारेन्टाइनको अनुगमन गरेका छन् । क्वारेन्टाइनको डियूटीमा खटिएका कर्मचारीले राती ८ बजे नै कोठामा ताला लगाएर सुत्ने गरेका कारण आफूहरु दिसापिसावसमेत कोठाभित्रै गर्न बाध्य भएको भन्दै क्वारेन्टाइनमा बस्दै आएका व्यक्तिहरुले इन्सेक प्रतिनिधिलाई खबर गरेपछि वैशाख १० गते क्वारेन्टाइनको अनुगमन गरिएको हो ।
 अनुगमन टोलीले क्वारेन्टाइनमा रहेका व्यक्तिहरुसँग सामाजिक दुरी कायम गरी उनीहरुका समस्याका बारेमा जानकारी लिनुकासाथै क्वारेन्टाइन व्यवस्थापनको अवस्थाका बारेमा अवलोकनसमेत गरेको थियो । क्वारेन्टाइनमा बसेका व्यक्तिहरुले रातीको समयमा आफूहरु बस्ने कोठामा ताल लगाएर कोठा भित्रै दिसापिसाव गर्न बाध्य पारिएको अनुगमन टोलीसँग गुनासो गरेका थिए । क्वारेन्टाइन अनुगमनपश्चात इन्सेक प्रतिनिधि र पत्रकारको टोलीले क्वारेन्टाइनमा बस्दै आएका व्यक्तिहरुको गुनासो सुनाउँदै क्वारेन्टाइन सुधार तथा व्यवस्थापनका लागि नगरपालिका र प्रहरी प्रशासनलाई सुझाव दिएको थियो । क्वारेन्टाइनमा राखिएका व्यक्तिहरू यसभन्दा अगाडी भग्ने गरेका कारण रातीको समयमा कोठामा ताला लगाउने गरिएको भएपनि आगामीदिनमा कोठामा ताला लगाउन नदिने दशरथचन्द नगरपालिकाका उपप्रमुख मिना चन्दले अनुगमन टोलीसँग प्रतिवद्धता जनाउनु भएको थियो ।

इन्सेकलगायत मानव अधिकारकर्मीको टोलीले वैशाख १० गते क्वारेन्टाइन अनुगमनपश्चात वैशाख ११ गते मानव अधिकार अवस्था अनुगमन टोलीले पुनः अनुगमन गर्दा क्वारेन्टाइनमा सुधार भएको मानव अधिकार अवस्था अनुगमन समितिका संयोजक प्रेम भाटले बताउनु भयो ।
इन्सेक प्रतिनिधिलगायत पत्रकारहरुको सुझावपछि क्वारेन्टाइनमा सुधार आएको जिल्ला प्रहरी कार्यालय, बैतडीका डिएसपी डिल्लीनारायण पाण्डेले बताउनु भयो ।
उहाँले भन्नु भयो-'व्यवस्थापनमा केही कमजोरीहरु थिए । तपाईहरुको अनुगमनपछि अहिले सुधारिएको छ । मापदण्ड अनुसारको बनाउन अझै नगरपालिकाले थुप्रै कुराहरु सुधार गर्नु पर्ने छ । मैले पनि क्वारेन्टाइनको वैशाख ११ गते अनुगमन गर्दा सुधार भएको पाए ।'
दशरथचन्द नगरपाकिलका विभिन्न वडाबाट ल्याइएका व्यक्तिहरुले आफूहरुलाई असुरक्षित रुपमा क्वारेन्टाइनमा राखिएको गुनासो गरेपछि साहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा पाँच सदस्यीय छानविन समितिसमेत गठन गरिएको छ ।
दशरथचन्द नगरपालिका- ४ स्थित जगन्नाथ बहुमुखि क्याम्पसमा निर्माण गरिएको एकिकृत क्वारेन्टाइनमा नगरपालिकाका विभिन्न वडाका चार जना महिलासहित १७ जनालाई राखिएको छ ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** अजयमेरु गाउँपालिकाका स्वास्थ्यकर्मीहरु औषधिसहित घरघरमा पुग्न थालेका छन् ।
गाउँपालिकाका सम्पुर्णगाउँका नागरिकहरुको स्वास्थ्य चेकजाँचका साथै कोरोना भाइरससम्बन्धी जानकारी दिनका लागि स्वास्थ्यकर्मीको टोली गाउँगाउँमा जान थालेको समैजी स्वास्थ्य चौकीका इन्चार्ज मदनराज पाण्डेले बताउनु भयो । स्वास्थ्यकर्मीहरुले स्थानीयहरुको स्वास्थ्य जाँच गर्नुका साथै भारतलगायत अन्य मुलुकबाट गाउँपालिकामा फर्किएका नागरिकहरुको तथ्याङ्क सङ्कलन गरिने गाउँपालिका अध्यक्ष उमेश प्रशाद भट्टले जानकारी दिनुभयो । स्वास्थ्यकर्मीहरुले स्थानीयको स्वास्थ्यको अवस्था, जनचेतना, र समान्य ज्वरो आएका, रुगाखोकी लागेका बिरामीलाई उपचार गर्नुका साथै औषधि वितरण गरिएको स्वास्थ्य चौकी इन्चार्ज पाण्डेले जानकारी दिनुभयो ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** काठमाडौंलगायत विभिन्न जिल्लाबाट कञ्चनपुर प्रवेश गरेका ८७ पुरुष र २७ महिला गरी १ सय १३ जनाको र्‍यापिड टेष्ट नेगेटिभ आएको छ । कोरोनाको सङ्क्रमण भित्रन नदिन र रोकथाम तथा न्युनिकरणको लागि कञ्चनपुर प्रवेशद्वार कृष्णपुर नगरपालिका- ५ गुलरिया गजरौलामा स्थापना गरिएको हेल्थडेस्कमा जिल्ला प्रवेश गर्नेको र्‍यापिड टेष्ट गरिएको छ ।
कृष्णपुर नगरपालिका र सशस्त्र प्रहरी बल ३५ नम्बर गणका स्वाथ्यकर्मीको टोलीले जिल्लाबाहिरबाट आएका व्यक्तिहरुको हेल्थ डेस्कमार्फत स्वास्थ्य परीक्षण गरिरहेका छन् ।सशस्त्र प्रहरी बल ३५ नम्बर गण शैलेश्वरीका गणपति बीरसिंह साहुले संयुक्त स्वास्थ्यकर्मीको टोलीमार्फत जिल्ला प्रवेस गर्नेको स्वास्थ्य जाँच गराएर क्वारेन्टाइनमा राख्न सम्बन्धित स्थानीय तहमा पठाएको बताउनु भयो ।
उहाँले भन्नु भयो - 'जिल्ला प्रवेशको मुख्य नाकामा आरडिटी गरिरहेका छौं । नेगेटिभ रिपोर्ट देखिएका व्यक्तिहरुलाई सम्बन्धित स्थानीय तहको जिम्मा लगाउँछौं । आरडिटी पोजेटिभ देखिएका व्यक्तिहरु वा सङ्क्रमण भेटिएकालाई आइसोलेसन र अन्यलाई क्वारेन्टाइनमा राख्छौं ।'
राजधानी काठमाडौंलगायत पुर्वी नेपालका जिल्लामा अध्ययन र कामका लागि गएका व्यक्तिहरु
हिडेरनै धमाधम घर आउने थालेपछि प्रधानमन्त्री ओलीले सुरक्षित घर पठाउन निर्देशन दिएपछि वैशाख ८ गतेदेखि कञ्चनपुर आउने विद्यार्थी, मजदुर, उपचारका लागि गएका बिरामीलगायतको उद्दार गरी

जिल्ला प्रवेश गराउने क्रम सुरु भएको छ । वैशाख ८ तगेयता कृष्णपुर नगरपालिकका २० जना, भीमदत्त नगरपालिका ५३ जना, महाकाली नगरपालिका एक जना, शुक्लाफाँटा नगरपालिका २३ जना र लालझाँडी गाउँपालिका २४ जना जिल्ला फर्किएका छन् । जिल्ला प्रवेश गरेका सबै जनालाई सम्बन्धित स्थानीय तहको क्वारेन्टाइनमा राखिएको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** लकडाउन क्रममा खाद्यन्न वा स्वास्थ्य उपचारमा समस्या उत्पन्न भएमा सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा खबर गर्न जिल्ला प्रशासन कार्यालयले वैशाख ११ गते सूचना जारी गरेको छ । खबर प्राप्तिपछि स्थानीय तहको समन्वयमा आवश्यक सहयोग गरिने प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलद्धारा जारी गरिएको सूचनामा उल्लेख छ । यसका साथै जिल्ला प्रवेश गर्ने व्यक्तिहरुलाई २१ दिनसम्म क्वारेन्टाइनमा राखिने सूचनामा उल्लेख गरिएको छ । क्वारेन्टाइनमा बस्न अस्विकार गर्ने वा लुकिछिपि प्रवेश गर्ने व्यक्तिहरुलाई कानूनी कार्वाही गरिने जनाइएको छ । लकडाउनका क्रममा खाद्यन्न अभाव भएका रामारोशन गाउँपालिकाका-७ का २ सय १० जनालाई चामल, दाल, तेल र नुन वितरण गरिएको छ । गाउँपालिकाको वडा नम्बर १ र २ मा १८/१८ जना, वडा नम्बर ३ मा ३० जना, वडा नम्बर ४ मा ३५ जना, वडा नम्बर ५ मा २२ जना, वडा नम्बर ६ मा २५ जना, वडा नम्बर ७ मा २३ जनालाई खाद्यन्न राहत वितरण गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबहादुर भण्डारीले जानकारी दिनुभयो । दैनिक ज्यालादारी, विपन्न, अपाङ्ग, एकल परिवारलाई ३० किलो चामल, तीन किलो दाल, तीन प्याकेट नुन, चार पोका तेल र चार पिस साबुन वितरण गरिएको बताइएको छ । लकडाउन लम्बिएमा दोश्रो चरणको राहत वितरणका लागि तयारी भइरहेको गाउँपालिका अधिकृत भण्डारीको भनाइ छ ।
नेपाल कम्युनिष्ट पार्टी (नेकपा) तुर्माखाँद गाउँपालिकाले आफ्ना पार्टीका कार्यालय सदस्य (हाइकमाण्ड) लाई १ हजार ५ सय र सचिवालय सदस्यलाई १ हजार रुपियाँ खातामा जम्मा गर्न निर्देशन दिएको छ । लकडाउनका क्रममा दैनिक मजदुरी गर्ने परिवार, न्यून आयश्रोत, अशक्त र एकल महिलालाई राहत दिने उद्धेश्यले स्थापना गरिएकोले गाउँपालिकामा रहेका अन्य सदस्य तथा इच्छुकलाई रकमको सीमा नतोकिएको सो पार्टीका गाउँपालिका अध्यक्ष धरणीधर जैसीले जानकारी दिनुभयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** धारचुलाको क्वारेन्टाइनमा मात्र बसेको चारसाता भयो । पौडिन सक्ने जति महाकाली तरेर दिनहुँ गइरहन्छन् । हामी पौड्न नसकेरै क्वारेन्टाइनमै छौं, बैतडीका दिपक चुनाराले भन्नुभयो, नेपाल फिर्ता ल्याउँछौ ल्याउँछौ भनेर भन्छन्, तर हामी कहिले आउन पाउने हो ?
क्वारेन्टाइनमा २१ दिन बस्ने हो भनेर भनेका थिए, चार साता भयो । अझै कति दिन बस्नुपर्छ । अहिलेसम्म न त स्वास्थ्य चेकजाँच हुन्छ नत नेपाल ल्याउने प्रयास नै । हामीले भेडाबाखा जसरी कति दिन सुत्ने चुनाराले दुखेसो गर्नुभयो ।
भारत पिथौरागढको धार्चुलास्थित मिनीस्टडियममा बस्नुभएका अमृत बोहराले अहिलेसम्म आफूहरुको स्वास्थ्यप्रति सरकारले ध्यान नदिएको गुनासो गर्नुभयो ।
वहाँले भन्नु भयो -‘क्वारेन्टाइनमा न खाना समयमा पाइन्छ, न बास बस्न नै राम्रो व्यवस्था छ । एउटै देशका नागरिकमाथि किन विभेद । नेपालमा पौडिएर गएकाहरु राम्रो गाउँघरका क्वारेन्टाइनमा छन् भने कोहि गाउँ पुगिसके । हामी भाग्न नसक्नेहरु यहाँ पशुसरह बस्नुपरेको छ । वैशाख १० गतेसम्म नौ जना नेपाली क्वारेन्टाइनबाट भागेपछि ट्वाइल जाँदा पनि केरकार गर्न थालेका छन् । दिशा गर्न

महाकाली किनार जानुपर्छ । प्रत्येकलाई  मिनेटको समयावधि दिइएको छ । गालीगलौच र कुटपिट सहनु परेको छ ।  हाम्रो कहिले उद्धार हुन्छ ।'

रोजगारीको सिलसिलामा गएका दार्चुला, बैतडी, बझाङ लगायत क्षेत्रका २ सय १८ जना अवैध रुपमा महाकाली नदी तरेर नेपाल भित्रिएको जिल्ला प्रहरी कार्यालय, दार्चुलाका प्रहरी निरीक्षक भास्कर चन्दले जानकारी दिनुभयो ।

भारतमा रहेका नेपालीहरुलाई उद्धार गरेर ल्याउन जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले पुन अनुरोध गर्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलको अध्यक्षतामा वैशाख ११ गते बसेको बैठकले धार्चुलामा क्वारेन्टाइनमा रहेका नेपालीहरुको समयावधी पुगिसकेको कारण स्वदेश ल्याउनको लागि सरकारलाई आग्रह गर्ने निर्णय गरेको छ । प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले भारतीय क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको व्यवस्थापनको लागि स्थानीय तहलाई तयार रहन अग्रह गरिएको बताउनु भयो ।

उहाँले भन्नु भयो -'सरकारले निर्णय गर्ने वित्तिकै उद्धार हुन्छ । अहिले स्थानीय तहमा निर्माण गरिएका क्वारेन्टाइनहरुलाई यथावत राख्न आग्रह गरेका छौ । '

भारतमा रहेका नेपालीलाई जसरी पनि वैशाख १५ गतेभित्र नेपाल ल्याउन स्थानीय तहका जनप्रतिनिधिले समेत आग्रह गरेका छन् । बैठकमा सहभागि मार्मा गाउँपालिका अध्यक्ष जमनसिह धामीले धार्चुलामा रहेका नेपालीहरु समस्यामा रहेको भन्दै तत्काल उनीहरुको उद्धार गर्नुपर्ने बताउनु भयो । चार सातादेखि उनीहरु अप्ठयारोमा छन्, अध्यक्ष धामीले बैठकमा भन्नुभयो, उनीहरुलाई तत्काल ल्याउने व्यवस्था मिलाउनु पर्छ । उहाँले पहिल्यै नै उद्धार  गर्नुपर्ने अवस्थामा ढिलाई भएको भन्दै अब उद्धारमा ढिलाई गर्न नहुनेमा जोड दिनुभयो ।

**राहत वितरण तथा व्यवस्थापनको अनुगमन गर्न समिति गठन**

राहत वितरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समिति प्रमुख करबीर बहादुर कार्कीको संयोजकत्वमा पाँच सदस्यीय अनुगमन समिति गठन गरिएको छ । समितिमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, उद्योग वाणिज्य संघ अध्यक्ष र सदस्य सचिवमा घरेलु तथा साना उद्योग विकास समिति प्रमुख रहेका छन् । सुदूरपश्चिम प्रदेश सरकारले पठाएको कार्यविधि अनुसार राहत वितरण प्रणालीलाई व्यवस्थित गर्न समिति गठन गरिएको हो ।समितिले स्थानीय तहले वितरण गरेका राहतको निरीक्षण, अनुगमन, र प्रभावकारी रुपमा जनतासम्म पुगे नपुगेको रेखदेख गर्ने, राहत सामाग्रीलाई एकरुपता गर्ने तथा पारदर्शी भए नभएको बारे अनुगमन गर्ने प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताउनुभयो । अहिले जिल्लाका  नौ ओटै स्थानीय तहमा राहत वितरणका कार्य भइरहेको छ भने प्रदेश सरकारबाट समेत राहतको लागि बजेट विनियोजन गरिएको छ ।

दार्चुलाबाट निर्वाचित नेकपाका तीन जना सांसदहरुले स्वास्थ्य सामग्री खरिद गरी जिल्ला विपद् व्यवस्थापन समितिलाई वैशाख ११ गते हस्तान्तरण गरेका छन् । प्रतिनिधि सभा सदस्य गणेशसिह ठगुन्ना, सुदूरपश्चिम प्रदेश सभा सदस्य मानबहादुर धामी र गेल्बुसिह बोहराले खरिद गरी पठाएका स्वास्थ्य सामग्रीलाई मार्मा गाउँपालिका अध्यक्ष जमनसिह धामीले प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेललाई हस्तानतरण गरेका हुन् । जिल्लाका नौ ओटा स्थानीय तह, दुई ओटा अस्पताल र एम्बुलेन्स चालकको लागि स्वास्थ्य सामग्री खरिद गरी विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी पौडेललाई हस्तान्तरण गरिएको हो । स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा इन्फ्रारेड थर्मामिटर नौ थान पठाइएको छ । यसैगरी एन ९५ मास्क ३० थानमध्ये १५ थान जिल्ला अस्पताल र १५ थान गोकुलेश्वर अस्पतालको लागि पठाइएको प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताउनुभयो । यसैगरी पीपिइ पाँच थानमध्ये तीन थान जिल्ला अस्पताल र दुई थान गोकुलेश्वर अस्पतालको लागि

पठाइएको छ भने पीपिइ साधारण १४ थान एम्बुलेन्स चालक र सरसफाई कर्मचारीलाई दिइने गरी पठाइएको छ । यसैगरी १००० हजार थान मास्क जिल्ला विपद् व्यवस्थापन समितिले वितरण गर्ने गरी पठाइएको स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको मार्मा गाउँपालिका अध्यक्ष जमनसिह धामीले बताउनुभयो ।
जिल्लामा कोराना भाइरस परीक्षणका लागि र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडिटी) सुस्त गतिमा भरहेको छ । अहिलेसम्म जिल्लाभरीका ९ ओटै स्थानीय तहमा ४ सय ९३ जनाको मात्रै र्‍यापिड टेस्ट गरिएको छ । भारतलगायतका विभिन्न क्षेत्रबाट आएका व्यक्तिहरुको र्‍यापिड टेस्टको लागि प्रयाप्त मात्रमा किट आएपनि गति भने बढेको छैन् । जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाका सूचना अधिकारी खगेन्द्र कार्कीका अनुसार अहिलेसम्म गरेका सबैको रिपोर्ट नेगेटिभ आएका छन् । अहिलेसम्म जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाले महाकाली नगरपालिकामा ५९ जना, शैल्यशिखर नगरपालिकामा १ सय १६ जना, नौगाड गाउँपालिकामा ८९ जना र मार्मा गाउँपालिकामा ६ जना, अपि हिमाल गाउँपालिकामा तीन जना, लेकम गाउँपालिकामा १ सय ७ जना, व्यास गाउँपालिकाकमा पाँच जना, दुहुँ गाउँपालिकामा २१ जना र मालिकार्जुन गाउँपालिकामा ८८ जना गरी जम्मा ४ सय ९३ जनाको र्‍यापिड टेस्ट गरिएको जिल्ला स्वास्थ्य कार्यालय,दार्चुलाले जनाएको छ । सुदूरपश्चिम सरकारले पहिलो चरणमा ६ सय किट तथा दास्रो चरणमा १ हजार ६ सय किट पठाएको थियो ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सोती प्रादेशिक अस्पताल,धनगढीको आइसोलेसनमा उपचार भइरहेका कोरोना सङ्क्रमित लम्की चुहा नगरपालिका - १ की महिलालाई निको भएपछि वैशाख ११ गते सेती प्रादेशिक अस्पताल,धनगढीले डिस्चार्ज गरेको छ। उनको लगातार दुई पटक रिपोर्ट नेगेटिभ आएपछि अस्पतालबाट डिस्चार्ज गरिएको सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलिप श्रेष्ठले जानकारी दिनुभयो । उनी विरगञ्जबाट आएर १२ दिन क्वारेन्टाइनमा बसेकी थिइन् भने वैशाख १ गते कोरोना पुष्टि भएको थियो । पाँच जना कोराना सङ्क्रमितमध्ये हालसम्म सुदूरपश्चिम प्रदेशमा चार जना कोरोना सङ्क्रमितलाई निको भएपछि घर फर्किएका छन् । धनगढी उपमहानगरपालिका-५ का ३४ वषीय पुरुष, लम्की चुहा नगरपालिकाका २१ वर्षीय युवक र कञ्चनपुर जिल्ला बेदकोट नगरपालिकाका ४१ वर्षीय पुरुष यसअघि नै घर फर्किसकेका छन् । धनगढी उपमहानगरपालिका -५ की ३४ वर्षीया महिला मात्रै सेती अस्पतालको आइसोलेसनमा उपचाररत छन् ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बासुदेव जोशीका अनुसार** प्रमुख जिल्ला अधिकारी टेक नारायण पौडेलको अध्यक्षतामा वैशाख ९ गते बसेको बैठकले जिल्लाबाहिरबाट आएका व्यक्तिहरुलाई अनिवार्य क्वारेन्टाइनमा राख्ने निर्णय गरेको छ । जिल्लाबाहिरबाट आउने व्यक्तिलाई सम्बन्धित स्थानीय तहले अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्नु पर्ने र आरडिटी रिपोर्ट नेगेटिभ आएपछि मात्रै घर पठाउन जानकरी गराइएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनु भयो । बड्डी केदार गाउँपालिकास्थित केदार ज्योतीपुञ्ज बहुमुखी क्याम्पसको क्वारेन्टाईमा काठमाडौँबाट आएका १२ जना र धनगढीबाट आएका चार जनालाई वैशाख ९ गतेदेखि राखिएका गाउँपालिकाका अध्यक्ष कृष्ण चन्दले जानकारी दिनु भयो ।
भारतलगायत अन्य मुलुकबाट फर्किएका के.आई सिहँ गाउपालिका -५ का ७४ जनाको वैशाख १० गते आरडिटी जाँच गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको वडा अध्यक्ष रामचन्द्र राणाले बताउनु भयो ॥

दिपायल सिलगढी नगरपालिकाले नगरपालिका भित्रका  नौ वटै वडामा ९ सय ४९ जना विपन्न तथा ज्यालामजदुरी गर्ने व्यक्तिहरुलाई राहत वितरण कार्य सुरु गरिएको नगरपालिकाका मेयर मञ्जु मलासीले जानकारी दिनुभयो ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** जिल्लाका विभिन्न स्थानीय तहहरुमा तयार गरिएका क्वारेन्टाइनमा राखिएका ४ सय ९४ जनाको रिपोर्ट नेगेटिभ आएको छ । जिल्लाको वित्थडचिर,केदारस्युँ, दुर्गाथली, थलारा गाउँपालीका , बुंगल ,जयपृथ्वी नगरपालीका लगाएतका ४ सय ९४ जनाको र्‍यापिट टेस्ट र ७१ जनाको थ्रोट स्वाब सङ्कल गरी परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ देखिएको जिल्ला अस्पताल, बझाङका कोरोना भाइरस तथा कोभिड- १९ बझाङका फोकल पर्सन नारायण जोशीले बताउनु भयो । विभिन्न स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइनमा २६ जना रहेका छन् ।  जिल्लास्थित स्थानीय तहले राहत वितरणका लागि तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिरहेका छन् । प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले व्यापारीहरुलाई खाद्यान्न ढुवानिका  लागि पासको व्यवस्था मिलाइएको जानकारी दिनुभयो । जिल्ला स्वास्थ्य कार्यलय बझाङले जिल्लाका १२ ओटा स्थानीय तहहरुमा एकएक ओटा ज्वरो नाप्ने थर्मल गन वितरण गरेको छ ।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**